**मिति २०७७ असार २२ गते जिल्ला समन्वय समितिका प्रमुख श्री प्रभाकर यादवज्यूको विशेष उपस्थितिमा जिल्लाका पालिका प्रमुख/प्रतिनिधीहरू र जिल्ला संकट व्यवस्थापन केन्द्रको संयुक्त बैठकबाट भएका निर्णयहरु**

## निर्णय नं. १

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/०३/१६, च.नं. ४४७८ को पत्रबाट प्राप्त मं.प.बै.सं. १८/०७७ मिति २०७७/०३/१५ को मन्त्रि परिषद्को बैठकबाट भएका निर्णयहरु र गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको मिति २०७७।०३।१८ च.नं. २९६ को पत्र आजको यस बैठक मार्फत सहभागी सबैलाई अवगत भयो । COVID-19 संक्रमण, रोकथाम नियन्त्रण, क्वारेण्टीन र आइसोलेशन संचालन लगायतका सन्दर्भमा जिल्लामा भइरहेको गतिविधिहरुको सन्दर्भमा यस बैठक मार्फत समिक्षा गरियो ।

## निर्णय नं. २

हाल क्वारेण्टीनमा रहेका व्यक्तिहरुको संख्या घटेको हुँदा संचालित क्वारेण्टीनहरुलाई औचित्यता र उपयुक्तताको आधारमा एक आपसमा गाभेर प्रत्येक पालिकाले न्यूनतम १ (एक) वटा क्वारेण्टीन संचालन गर्ने कार्य जारी राख्ने । एकवटा क्वारेण्टीनबाट नपुग भएमा मात्र थप क्वारेण्टीन संचालन गर्ने ।

## निर्णय नं. ३

निर्णय नं. १ बमोजिम संचालनमा रहने क्वारेण्टीन बाहेक हाल संचालनमा रहेका अन्य क्वारेण्टीनहरुमा रहेका भौतिक सुविधाहरु समेत स्वास्थ्य मापदण्ड अनुसार डिसइन्फेक्ट गरी आवश्यकतानुसार तत्काल पुनः प्रयोगमा ल्याउन सकिने गरी तयारी हालतमा राख्ने ।

## निर्णय नं. ४

गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको मिति २०७७।०३।१८ च.नं. २९६ को पत्र बमोजिम समेत हुने गरी निर्णय नं.१ बमोजिम संचालित हुने क्वारेण्टीन स्थानको छनौट गर्दा वर्तमान वर्षातको समयमा समेत सुरक्षित रहने प्रकारको स्थानको क्वारेण्टीनलाई प्राथमिकता दिनुका साथै आगामी दिनमा आवश्यक भएमा आइसोलेसन समेत संचालन गर्न उपयुक्त हुने क्वारेण्टीन स्थललाई छनौट गर्ने । मौजुदा क्वारेन्टाइन मध्ये कुनै पनि क्वारेन्टाइन माथि उल्लेखित व्यहोरा कार्यान्वयनका लागि उपयुक्त नहुने देखिएमा अन्य सुरक्षित स्थानमा क्वारेन्टाइन सारेर संचालनमा ल्याउने ।

## निर्णय नं. ५

निर्णय नं. ४ मा उल्लेख भएको अतिरिक्त आगामी दिनमा संक्रमितको संख्यामा वृद्धि भई तिनीहरुको व्यवस्थापनका लागि थप आइसोलेशन संचालन गर्नुपर्ने अवस्था आएमा सोका लागि अहिले बाटै प्रत्येक पालिकाले आफ्नो पालिका क्षेत्रमा उपयुक्त स्थान/भौतिक संरचना पहिचान गरी सो स्थानमा आवश्यक न्यूनतम पूर्वाधार निर्माण गरी आइसोलेशन संचालनको पूर्व तयारी गर्ने ।

## निर्णय नं. ६

भारत लगायत तेश्रो मुलुकबाट फर्किएका यस जिल्लाका नेपाली नागरिकहरुलाई अनिवार्य रुपमा १४ (चौध) दिन स्थानीय तहको क्वारेण्टीनमा र सो पछिको ७ (सात) दिन होम क्वारेण्टीनमा राख्ने विगत देखिको व्यवस्थालाई कडाइका साथ लागू गर्ने कार्यलाई निरन्तरता दिने ।

## निर्णय नं. ७

विदेशबाट उद्धार गरी ल्याइका यस जिल्लाका नेपाली नागरिकहरुलाई अनिवार्य रुपमा सम्बन्धित पालिकाको क्वारेण्टीनमा राखिने गरी नेपाली सेना, भीमदल गणले सम्बन्धित पालिकाको जिम्मा लगाउने । सोको जानकारी नेपाली सेना, भीमदल गणले मिति २०७७/०३/२० गतेको जिल्ला संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार सम्बन्धित निकायहरुलाई गराउने ।

## निर्णय नं. ८

निर्णय नं. ५ बमोजिम नेपाली सेना, भीमदल गणबाट प्राप्त जानकारी स्वास्थ्य कार्यालयले सम्बन्धित व्यक्ति पठाइएको क्वारेण्टीनमा खटिएको स्वास्थ्य संयोजकलाई गराई स्वास्थ्य संयोजकबाट निज नेपाली नागरिकको ठेगाना, फोन नं., यात्रा विवरण लगायत प्रोटोकल बमोजिमका अन्य सम्पूर्ण जानकारीहरु संकलन गर्न प्रभावकारी व्यवस्था मिलाउने । साथै सो विवरण तत्काल उपलब्ध हुन सक्ने गरी स्वास्थ्य कार्यालयले संकलित गरी राख्ने ।

## निर्णय नं. ९

शव व्यवस्थापन गर्नुपर्ने अवस्थाका लागि प्रत्येक पालिकाहरुले आ-आफ्नो पालिका क्षेत्रमा उपयुक्त एवं सुरक्षित स्थानको पहिचान गरी यथाशीघ्र जिल्ला प्रशासन कार्यालय, मार्फत जिल्ला संकट व्यवस्थापन केन्द्रलाई जानकारी गराउने ।

## निर्णय नं. १०

विदेशबाट उद्धार गरी ल्याइएका यस जिल्लाका नेपाली नागरिकहरुलाई सम्बन्धित स्थानीय तहको क्वारेन्टाइन सम्म पुऱ्याउनका लागि एक वटा डेडिकेटेड सवारी साधन तिलाठी कोइलाडी गा.पा. को समन्वयमा सम्पूर्ण स्थानीय तहहरुले संयुक्त रुपमा नेपाली सेना, भीमदल गणलाई उपलब्ध गराउने ।